प्रदेश सरकार

प्रदेश नं. २

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

जनकपुरधाम, धनुषा

## सोलार पम्प अनुदान कार्यक्रम संचालन सम्बन्धी सुचना

प्रकाशित मितिः २०७७/०२/०४

यस निर्देशनालयको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश नं २ को "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" बमोजिम निजि, सार्बजानिक तथा सहकारीको साझेदारीमा सोलर पम्प जडान गर्ने कार्यक्रम संचालनको लागि ईच्छुक कृषक(हरु)/कृषक समुह/कृषि सहकारी संस्था/कृषि उत्पादनमा संग्लन निजी फर्म/उद्यमीले तोकिएको ढाँचामा तपसिल अनुसारका कागजातहरु संलग्न राखी २०७७/०२/१८ गते कार्यालय समय भित्र यस निर्देशनालयमा आई पुग्ने गरी खामबन्दी आवेदन पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ। बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले सौर्य उर्जा सिंचाई प्रणालीको लागि तोकिएको अधिकतम मुल्यको ८५ प्रतिशत अनुदानमा कार्यक्रम सचालन हुनेछ। हाल यस कार्यक्रमको लक्ष्य ४० वटा सोलर पम्प जडान गर्ने रहेकोमा मांग र वजेट उपलब्धता अनुसार सो संख्या थप हुन सक्नेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताब छनौटका लागि समाबेश हुने छैन। प्रस्ताव स्विकृत गर्ने वा नगर्ने लगायतका यस सुचना संग सम्वन्धित सम्पुर्ण अधिकार निर्देशनालयमा सुरक्षित रहनेछ। यस सम्वन्धमा थप जानकारी र आवेदन पत्रको ढांचा यस निर्देशनालयको वेभसाईट add.p2.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

<u>पेश गर्नु पर्ने विवरण र कागजातहरु</u>

१. अनुदान माग गर्ने आवेदन फारम (रु.१० को हुलाक टिकट टांसेको)।

२. आवेदकको (व्यक्तिको हकमा) नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

३. आवेदकको (समुह, सहकारी संस्था र फर्म कम्पनिको हकमा)दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

४. आवेदकको (सहकारी संस्था र फर्म कम्पनिको हकमा) स्थाई लेखा नम्वर प्रमाण पत्रको प्रतिलिपि।

५. मांग गरेको सोलार पम्प जडान हुने जग्गाको GPS code, जग्गाधनी प्रमाणपुर्जा (सो नभए भोगाधिकार प्रमाण) को प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा लालपुर्जा र जग्गाधनीको सक्कल मन्जुरीनामा समेत।

६. समुह, सहकारी संस्था र फर्म कम्पनिको हकमा दर्ता र नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि।

७. समुह, सहकारी संस्था र सझेदारी कम्पनिको हकमा आयोजना प्रस्ताव गर्ने सम्वन्धमा कार्यकारीणीको निर्णयको प्रतिलिपि।

८. समुह, सहकारी संस्था र फर्म कम्पनिको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र।

९. निर्देशनालयले थप कागजातहरु मांग गरेमा पेश गर्नु पर्ने छ। ती कागजात नबुझाउन सके समझौता गरिने छैन।

थप जानकारीको लागि यस निर्देशनालयका कृषि प्रसार अधिकृत श्री परमानन्द चौधरी (मो.न. ९८५१२२१२७५) वा अधिकृत छैठौं श्री नथुनी यादव (मो.न. ९८२७७१२७०७) लाई सम्पर्क गर्नु हुन अनुरोध छ।

डा. रत्न कुमार झा

नि. प्रमुख

प्रदेश सरकार

प्रदेश नं. २

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

नक्टाझिज, धनुषा

## सोलर पम्प आपुर्ति र जडान गर्ने फर्म/कम्पनी सुचीकरण सम्वन्धि सुचना

प्रकाशित मितिः २०७७/०२/०४

यस निर्देशनालयको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निजि, सार्बजानिक, तथा सहकारीको साझेदारीमा सोलर पम्प जडानको लागि "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" बमोजिम प्रदेश नं २ भित्र साझेदारीमा सोलर पम्प उपकरण आपुर्ति र जडान गर्ने ईच्छुक योग्य फर्म/कम्पनीहरुलाई सुचिकृत गर्न २०७७ जेठ १८ गते कार्यालय समय भित्र आई पुग्ने गरी देहायका कागजात सहित यस निर्देशनालयमा खामबन्दी प्रस्ताब पेश गर्नका लागी यो सूचना आवहान गरिएको छ। बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले सौर्य उर्जा सिंचाई प्रणालीको लागि तोकिएको अधिकतम मुल्यको ८५ प्रतिशत अनुदानमा कार्यक्रम सचालन हुनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताबलाई छनौट प्रकृयामा समाबेश गरिने छैन। यस सम्वन्धमा विस्तृत जानकारी, स्विकृत प्राविधिक स्पेशिफिकेशन र प्रस्ताब पत्र यस निर्देशनालयको वेभसाईट add.p2.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

<u>सोलर पम्प सम्वन्धि उपकरण सम्वन्धि शर्त/मापदण्डहरु</u>

- विस्तृत प्राविधक स्पेशिफिकेसन अनुसारका सामग्रिहरु
- सोलर डी सी पम्प र पम्प कन्ट्रोलर एउटै कम्पनीको हुनु पर्नेछ। यस्ता कम्पनिले यी उपकरणहरु उत्पादन गर्ने गरेको कम्तिमा सात वर्ष को अनुभव भएको हुनु पर्ने छ।
- सोलर डीसी पम्प र पम्प कन्ट्रोलरमा प्रयोग हुने मोटर उत्पादक देशवाट IEC र CE Certified भएको हुनु पर्ने छ।
- पम्पको डिस्चार्ज क्षमता कम्तिमा दश मिटर हेड र एक लाख लीटर प्रति दिन को हुनु पर्ने छ। मांग भई आएमा सो भन्दा वढि क्षमताको पम्प समेत आपुर्ति गर्नु पर्नेछ।
- तोकिएको क्षमता भन्दा कम पानी आएमा शत प्रतिशत सम्म जरिवान हुन सक्नेछ।

<u>आवश्यक कागजातहरु</u>

१. रु.१०।- को हुलाक टिकट टाँस गरेको प्रस्ताब पत्र।

२. संस्था दर्ता तथा नविकरण गरेको प्रमाण पत्र, स्थायी लेखा नं. (प्यन/मूल्य अभिबृद्दि कर) र कर चुक्ता को प्रमाण पत्र, लेखा परिक्षण प्रतिबेदनको प्रतिलिपी।

३. सौर्य सिंचाई सम्वन्धि उपकरण उत्पादक कम्पनिको अधिकारिक ऐजेन्ट (Authorized Agent) भएको प्रमाण पत्र ।

४. सौर्य सिंचाई सम्वन्धि उपकरणहरुको स्पेशिफिकेशन खुल्ने क्यटलग र लिफलेट।

५. डीसी पम्प र पम्प कन्ट्रोलरमा कम्तिमा दुई वर्षको Free of cost replacement guarantee भएको उत्पादक कम्पनीको पत्र।

६. न्युनतम छ महिना म्याद रहेको कम्तिमा कुल रकम (रु दुई करोड अस्सि लाख) को पांच प्रतिशत धरौटी वापतको बैंक ग्यारेन्टी।

थप जानकारीको लागि यस निर्देशनालयका कृषि प्रसार अधिकृत श्री परमानन्द चौधरी (मो.न. ९८५१२२१२७५) वा अधिकृत छैठौ श्री नथुनी यादव (मो.न. ९८२७७१२७०७) लाई सम्पर्क गर्नु हुन अनुरोध छ।

डा. रत्न कुमार झा

नि.प्रमुख

रत्न कुमार झा

निमित्त प्रमुख

## Technical Specifications

| S. No. | Component | Description |
|---|---|---|
| 1 | Solar PV Modules | ☐ Peak power per module shall be ≥100 Wp<br>☐ Power Tolerance on Name plate power (W or %) at STC shall be 0 to 5 W or 0 to 5% or only positive tolerance<br>☐ Product Workmanship Warranty shall be >= 10 years<br>☐ The proposed solar PV module must be PIT and RST certified complying to NEPQA from RETS<br>☐ All PV modules offered for the project shall be of same type, same model, same power rating and same manufacturer |
| 2 | Pump and Controller | ☐ Combined Efficiency (motor+pump) shall be >=60%<br>☐ Pump Performance Curves i.e. Flow Vs Input Pump Power shall be provided at designed Head for the Project<br>☐ Protection: The pump must have thermal protection against overload, reverse polarity and temperatu<br>☐ Dry run and Protection: The pump or pump set must have provision of stopping operation under Dry running or insufficient energy supply<br>☐ Sand and Silt protection: The pump must have protection against sand and silt<br>☐ Replacable Warranty on the motor and pump shall be >=2 years<br>☐ Material: The pump must be manufactured with non-corrosive materials.<br>☐ Rotors and impellers must be made of stainless steel<br>☐ The pump or pump set must have control circuit with MPPT facility<br>☐ The company to provide IEC and CE test certificates. |
| 3 | Mounting Structure/ Frame | ☐ Mounting Structure must be designed such that it is installed to have solar PV array towards due south around local altitude at 30 degree with horizontal space<br>☐ Mounting shall be manufactured with aluminium or stainless steel angles and channels; spray galvanized or hot deep galvanised<br>☐ Mounting structure shall be non-corrosive to be fixed on ground<br>☐ Mounting Structure and Foundation designs shall consider all the static and dynamic loads and suitable for site conditions<br>☐ The support frame structure should be able to resist at least 20 years of the outdoor exposure without suffering significant damage or corrosion<br>☐ The Mounting structure shall have necessary clearance between ground level and bottom edge of PV modules ( i. e. > 0.5m)<br>☐ Fastners to be used for fixing structure shall be non-corrosive and compatible with materials with which it is being fixed |
| 4 | Earthing and Protection (☐ Lightening Arrestor<br>☐ Surge Protector<br>☐ Earthing Grounding) | ☐ The solar PV plant structure shall be grounded properly using adequate number of earthing kits. All metal casing of the system shall be thoroughly grounded to ensure safety of the solar PV system.<br>☐ The solar PV system shall be provided with lightning and over voltage protection<br>☐The main aim in this protection shall be to reduce the over voltage to a tolerable value before it reaches the system<br>☐ Fuses should be provided to protect against short circuit conditions<br>☐ Full protection against open circuit, accidental short circuit & reverse polarity should be provided |
| 5 | Cable | ☐ As required following NS/IS standard<br>☐ Cables shall be PVC insulated cables and UV resistant, suitable for outdoor installations, complying with relevant Nepalese Standard<br>☐ Maximum Voltage Drop between PV Modules and Pump shall be <=3% |

Approved

रत्न कुमार झा
निमित प्रमुख

प्रदेश सरकार

प्रदेश नं. २

जनकपुर टुडे २०७७।२।४

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

नक्टाझिज, धनुषा

## साझेदारीमा कार्यक्रम संचालन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/०२/०४

यस निर्देशनालयको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश नं २ को "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" बमोजिम देहायका कार्यक्रम संचालनको लागि २०७७/०२/१८ गते कार्यालय समय भित्र यस निर्देशनालयमा आई पुग्ने गरी खामबन्दी प्रस्ताव/आवेदन पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ। कार्यक्रमको संख्या मांग र वजेट उपलब्धता अनुसार फरक हुन सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव छनौटका लागि समावेश हुने छैन। यस सम्बन्धमा विस्तृत जानकारी र प्रस्ताव/आवेदन पत्र यस निर्देशनालयको वेभसाईट **add.p2.gov.np** बाट प्राप्त गर्न सकिनेछ।

| क्र. सं. | कार्यक्रमको नाम | संख्या | न्युनतम साझेदारी | साझेदार |
|---|---|---|---|---|
| १ | निजि, सार्बजानिक तथा सहकारीको साझेदारीमा सोलर पम्प जडान | ४० | १५ प्रतिशत | ईच्छुक कृषक(हरु) / कृषक समुहर कृषि सहकारी संस्था / कृषि उत्पादनमा संग्लन निजी फर्म/उद्यमी |
| २ | कृषि सडक निर्माण | १ | १५ प्रतिशत | स्थानिय तह र उपभोक्ता समिति / कृषि उत्पादनमा संग्लन निजी फर्म/उद्यमी |

प्रदेश सरकार

प्रदेश नं. २

जनकपुर टुडे २०७७।२।४

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

नक्टाझिज, धनुषा

## सोलर पम्प आपुर्ति र जडान गर्ने फर्मरकम्पनी सुचीकरण सम्बन्धि सुचना

प्रकाशित मितिः २०७७/०२/०४

यस निर्देशनालयको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश नं २ को "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" बमोजिम निजि, सार्बजानिक, तथा सहकारीको साझेदारीमा सोलर पम्प जडान कार्यक्रम संचालनको लागि साझेदारीमा सोलर पम्प आपुर्ति र जडान गर्न ईच्छुक फर्म/कम्पनीहरुलाई सुचिकृत गर्न २०७७/०२/१८ गते कार्यालय समय भित्र यस निर्देशनालयमा आई पुग्ने गरी खामबन्दी आवेदन पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ। बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले सौर्य उर्जा सिंचाई प्रणालीको लागि तोकेको अधिकतम मुल्यको ८५ प्रतिशत अनुदानमा कार्यक्रम सचालन हुनेछ। हाल ४० वटा सोलर पम्प जडान लक्ष्य रहेकोमा यो संख्या मांग र वजेट उपलब्धता अनुसार थप हुन सक्नेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव छनौटका लागि समावेश हुने छैन। यस सम्बन्धमा विस्तृत जानकारी र प्रस्ताव/आवेदन पत्र यस निर्देशनालयको वेभसाईट **add.p2.gov.np** बाट प्राप्त गर्न सकिनेछ।